# गाउँसभाको बैठकमा उपाध्यक्ष श्री पदम कुमारी विष्टज्यूद्धारा प्रस्तुत आर्थिक वर्ष २०७४/०७५ को भैरबी गाउँपालिकाको नीति तथा कार्यक्रम

२०७४।३।२४

प्रेमबहादुर बुढा
अध्यक्ष

**भैरबी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**भैरीकालिकाथुम, दैलेख ।**

"कृषि, पर्यटन, हरियाली विकास तथा पूर्वाधार
भैरबीका चार आधार"

## खण्ड १-परिचय

**१.१. स्थानीय तहको संक्षिप्त परिचय** :

नेपालको प्रदेशनं. ६ अन्तर्गत दैलेख जिल्लाका चार नगरपालिका र सात गाउँपालिकामध्ये भैरबी गाउँपालिका दैलेख जिल्ला निर्वाचन क्षेत्र नम्बर २ मा पर्दछ । पूर्वमा दैलेख जिल्लाको महावु गाउँपालिका तथा नारायण नगरपालिका, पश्चिममा दैलेख जिल्लाको चामुण्डाविन्द्रासैनी नगरपालिका, उत्तरमा कालीकोट जिल्लाको कालिका गाउँपालिका तथा दक्षिणमा दैलेख जिल्लाको दुल्लू नगरपालिकाको बीचमा अवस्थित भैरबी गाउँपालिका प्राकृतिक सम्पदा, साधनश्रोतमा सम्पन्न भएरपनि आर्थिक रुपले कमजोर रहेको छ । जल, जमिन, जंगल, जडिवुटी, जंगली जनावर एवं उर्वर भूमि रहेको यो गाउँपालिका पूर्व-पश्चिम अलि साँघुरो तथा उत्तर-दक्षिण लाम्चो इटा आकारको भू-धरातल भएको अनेकतामा एकता रहेको गाउँपालिका हो । यो गाउँपालिकाको उत्तरी क्षेत्रमा पानीका श्रोतहरु, जंगल, जडिबुटी, जंगली जनावर, स्लेट, ढुंगा पाइनुका साथै स्याउ खेतीको संभावना समेत रहेकोछ । यो गाउँपालिकाको मध्यभागमा पशुपालन तथा फलफूल खेतीको संभावना रहेकोछ भने दक्षिणी भागमा धान, गहुँका साथै तरकारी खेतीको संभावना रहेकोछ । पूर्वमा छामघाट खोला, पश्चिममा भैरबी गडजिउला खोला सँधै पानी बगिरहने खोलाहरु हुन् । यी दुवै खोलाहरुबाट ढुंगा-गिटी-वालुवा जस्ता निर्माण सामाग्रीहरु उपलब्ध गर्न/गराउन सकिने अवस्था छ । भैरबी गाउँपालिकाभित्र श्रीस्थान, भैरबी, मालिका, ब्याउली, भुवानथान जस्ता प्रसिद्ध तिर्थस्थलहरु छन् । श्रीस्थानमा रहेको पेट्रोलियम पदार्थको उत्खनन गर्न सकेमा भैरबी गाउँपालिका, दैलेख जिल्ला, प्रदेश नं. ६ का साथै सिंगो नेपाल राज्यकै आर्थिक समृद्धिमा टेवा पुग्ने सम्भावना रहेकोछ । वि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार २१,२३३ जनसंख्या रहेको यो गाउँपालिका साबिकका रावतकोट, बडलम्जी, भैरीकालिकाथुम तथा कुसापानी गा.वि.स.हरु मिलेर बनोको हो भने यहाँ बिभिन्न जातजाती र भाषाभाषिका मानिसहरुको बसोबास रहेकोछ ।

**१.२. विद्यमान अवस्थाको समिक्षा :**

यस भैरबी गाउँपालिकाको विद्यमान अवस्थाको बारेमा चर्चा गर्दा निम्न पक्षहरुलाई बढी जोड दिएकोछु :

**१.२.१. सबल पक्ष :** दैलेख जिल्ला भैरबी गाउँपालिकाका सवल पक्षमा यो गाउँपालिक प्राकृतिक साधन-श्रोतले सक्षम छ । तर, यी साधन-श्रोतलाई सदुपयोग गर्न सकेमा यो गाउँपालिका आर्थिक रुपले समेत समृद्ध हुनेछ ।

**१.२.२. कमजोर पक्ष :** भैरबी गाउँपालिकामा उपलब्ध प्राकृतिक सम्पदाको उचित सदुपयोग गर्न नसक्नु कमजोर पक्ष रहेकोछ ।

प्रेमबहादुर बुढा
अध्यक्ष

**१.२.३. अवसरहरु :** दैलेख जिल्ला भैरबी गाउँपालिकामा तमामखाले अवसरहरु छन् । शिक्षा, स्वास्थ्य, सुरक्षा, खानेपानी, कृषि, पशुपालन, ब्यापार-ब्यावसाय बिभिन्न क्षेत्रको प्रभावकारी ढंगले व्यवस्थापन गर्न सके रोजगारीका अवसरहरु व्यापक रुपमा सिर्जना गर्न सकिन्छ ।

**१.२.४. चुनौतिहरु :** माथी १,२,३ मा उल्लेखित अवसरहरुलाई कार्यान्वयन गर्न/गराउन हाम्रो साधन-श्रोत तथा प्राविधिक ज्ञान, सीपको अभावका कारण बिभिन्न खाले चुनौतीहरु रहेका छन् ।

**१.३. बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाकालागि अवलम्वन गरिएको पद्धति :**
दैलेख जिल्ला भैरबी गाउँपालिकाको बार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाकालागि लैंगिक समानता, सामाजिक समावेशीकरणका आधारमा बस्ती, टोल र वडाभेलाबाट छनौट भई आएका आयोजनाहरुलाई प्राथमिकीकरण गरिएकोछ ।

**१.४. आयोजना प्राथमिकीकरणका आधारहरु :**

- भैरबी बासीको आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने ,
- राजस्व परिचालनमा योगदान पुऱ्याने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याने,
- गाउँपालिका क्षेत्रभित्रको स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागितामा अभिवृद्धि गर्ने,
- लैंगिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याने,
- भैरबी गाउँपालिकाका समुदायलाई विपद् तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- भैरबी गाउँपालिकाले आवस्यक देखेका अन्य विषयहरु ।

## खण्ड २-चालु आ.व. २०७३/०७४ को समिक्षा

**२.१. साविकको स्थानीय निकायहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा :**

साविकको स्थानीय निकायहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा गर्दा आंशिक रुपमा केही कमिकमजोरी बाहेक समग्रमा सन्तोषजनक रहेकोछ ।

**२.२. विषयगत निकायहरु स्थानीय तहमा हस्तान्तरण हुनुपूर्व सम्पन्न कार्यक्रमको समिक्षा :**

बिषयगत निकायहरु स्थानीय तहमा हस्तान्तरण हुनुपूर्व सम्पन्न कार्यक्रमको समिक्षा गर्दा हालसम्मा यी निकायहरुले पृथक-पृथक ढंगबाट कार्य गरिरहेकोमा, अब उप्रान्त गाउँपालिकामार्फत एकद्धार प्रणालीद्धारा कार्यक्रम सञ्चालन गर्ने/गराउने परिपाटी बसाल्ने समिक्षा गरियो ।

प्रेमबहादुर बुढा
अध्यक्ष

भैरवी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख

**२.३. स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समिक्षा :**

स्थानीय तह गठन पश्चात सम्पन्न कार्यक्रमको समिक्षा गर्दा दैलेख जिल्लाको भैरबी गाउँपालिकाबाट जनतालाई प्रवाह गरिने सेवासुविधा सरल ढंगबाट उपलब्ध गराइएको पाइयो ।

**२.४. गैह्रसरकारी संघ संस्थाहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा :**

गैह्रसरकारी संघ संस्थाहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा गर्दा भैरबी गाउँपालिकामा सन्तोषजनक प्रगति भएको पाइयो ।

## खण्ड ३-आगामी आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रम

**३.१. सोंच :** भैरबी गाउँपालिकामा रहेका प्राकृतिक साधन, श्रोतलाई सदुपयोग गर्दै केन्द्र सरकार तथा प्रदेश सरकारबाट प्राप्त श्रोतसमेतलाई समायोजन गरी समग्र गाउँपालिका क्षेत्रको सुदृढीकरणमार्फत आर्थिक-सामाजिक समृद्धि हासिल गर्ने ।

**३.२. लक्ष्य :** कृषि, पशुपालन, फलफूल एवं तरकारी खेतीलाई व्यावसायीकरण गर्ने र साना तथा घरेलु उद्योगको स्थापना र विकास मार्फत भैरबी गाउँपालिकाका जनताको जीवनस्तरमा सुधार ल्याउने ।

**३.३. उद्देश्य :** भैरबी गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक ग्याँस, पेट्रोलियम पदार्थ, खनिज तथा खानी अन्वेषण, जडिवुटीको संरक्षण र सम्वर्द्धन गर्ने तथा श्रीस्थान, मालिका, भैरबी, ब्याउली तथा भुवानथान जस्ता धार्मिक क्षेत्रहरुको विकास मार्फत पर्यटन प्रवर्द्धनमा जोड दिने ।

**३.४. अपेक्षित उपलब्धी :** कृषि तथा पशुपालनको क्षेत्रमा सुधार हुनुका साथै पर्यटन प्रवर्द्धन मार्फत आम भैरबीबासीको जीवनस्तरमा सुधार भएको हुनेछ ।

**३.५. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरु :**

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरुलाई निम्नानुसार वर्गीकरण गरेको छु :

**३.५.१. समग्र नीति तथा आधारहरु :** दैलेख जिल्लाको भैरबी गाउँपालिकामा बजेट, तथा कार्यक्रम तर्जुमा गर्दा बस्ती, टोल एवं वडास्तरको रायसुझावलाई नै मुख्य आधार बनाइएकोछ ।

**३.५.२. क्षेत्रगत नीति तथा आधारहरु :**

(क) आर्थिक क्षेत्र : आर्थिक क्षेत्र अन्तर्गत कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र आदि ।

(ख) सामाजिक क्षेत्र : यस अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा समावेशीकरण, संस्कृति प्रवर्द्धन आदि ।



प्रेमबहादुर बुढा
अध्यक्ष

(ग) पूर्वाधार क्षेत्र : सडक तथा पुल (झोलुंगे पुल समेत), सिंचाई भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जासमेत), सञ्चार आदि ।

(घ) वातावरण तथा विपद व्यवस्थापनको क्षेत्र : वन तथा भु-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन आदि ।

(ङ) संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन : मानव संसाधन विकास, संस्थागत क्षमता विकास, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहको मापदण्ड निर्धारण, विद्युतीय सूचना प्रविधिको प्रयोग आदि ।

**३.६. मुख्यमुख्य आयोजना र कियाकलापहरु :** दैलेख जिल्लाको भैरबी गाउँपालिकामा आगामी आ.व. २०७४/०७५ मा सञ्चालन गरिने मुख्यमुख्य आयोजनाहरु निम्न छन् :

(क) सडक निर्माण आयोजनाहरु,
(ख) भवन निर्माण आयोजनाहरु,
(ग) खानेपानी आयोजनाहरु,
(घ) शिक्षा, स्वास्थ्य र सचेतना कार्यक्रमहरु,
(ङ) लक्षित कार्यक्रमहरु,
(च) प्राकृतिक साधन, श्रोतको अन्वेषण तथा उत्खनन,
(छ) सिंचाई आयोजनाहरु,
(ज) तटवन्धन आयोजनाहरु,
(झ) विद्युतीकरणका आयोजनाहरु,
(ञ) भैरबी हरियाली बिशेष कार्यक्रम, आदि ।

साथै हाम्रो भैरबी गाउँपालिकामा आर्थिक समृद्धि हासिल गरी यहाँका जनताको जीवनस्तरमा सकारात्मक सोच र परिवर्तन हुने कियाकलापहरु सञ्चालन गरिनेछ ।

०७४/३/२५
प्रेमबहादुर बुढा
अध्यक्ष